धूलिखेल नगरपालिका कार्यालय

धूलिखेल, काभ्रे ।

## सिलबन्दी दरभाउपत्र आव्हान सूचना

(मिति :-०७३/०१/२२ गते )

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट **Debris Management का लागि सुरक्षा उपकरण र औजार खरिद** गर्नु पर्ने भएकोले उक्त **सुरक्षा उपकरण र औजार** सप्लाई तथा डेलिभरी गर्न ईच्छुक इजाजत प्राप्त (रजिष्टर्ड) मूल्य अभिबृद्धि कर (भ्याट) मा दर्ता भएका फर्म, सप्लायर्स, उत्पादक तथा बिक्रेताहरुबाट यस कार्यालय द्धारा तोकिएका समयमा कस्तो दररेटमा उपलब्ध गराउन सकिने हो सो को शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ । दरभाउपत्र फाराम यस कार्यालयको राजश्व प्रशासन शाखाबाट रु ३००/- (अक्षरेपी रु तीन सय) मात्र पछि फिर्ता नहुने गरी नगदै तिरी प्रोप्राईटर वा निजले अख्तियार दिएको ब्यक्तिद्वारा यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन भित्र कार्यालय समयमा खरिद तथा दर्ता गर्न सकिनेछ ।

१ दर्ता हुन आएका शिलवन्दी दरभाउपत्रहरु सप्लायर्स वा निजका प्रतिनिधीहरु समेतको रोहबरमा १६ औं दिनको २.०० वजे यस कार्यालयमा खोलिनेछ ।

२ दरभाउपत्रहरु खोल्ने समयमा सप्लायर्स वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

३ शिलवन्दी दरभाउपत्र फाराम खरिद, बुझाउने र खोल्ने अन्तिम दिन बिदा परेमा सोको लगत्तै पछिको कार्यालय खुलेको दिनमा उक्त कार्य गरिनेछ ।

४ शिलबन्दी खाम बाहिर स्पष्ट रुपमा दरभाउपत्रदाता फर्मको नाम, ठेगाना,सम्पर्क नम्बर तथा सप्लाई गर्ने कार्य उल्लेख हुनुपर्नेछ ।

५ सिलबन्दी दरभाउपत्र दाखिला गर्दा आफूले कबोल गरेको अंकको २.५ प्रतिशत हुने धरौटी रकम रा.वा. बैंक धुलिखेल शाखामा रहेको ग-३-०२ खातामा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।

६ शिलवन्दी दरभाउपत्र फाराम साथ नोटरी पब्लिक बाट प्रमाणित उल्लेखित कागजातको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

७ दरभाउपत्र खरिदकर्ताको तर्फबाट राखेका कुनै शर्तहरु मान्य हुने छैनन् ।

८ दरभाउपत्रदाताले दररेट उल्लेख गर्दा मूल्य अभिबृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ

९ दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

१० यसमा नपरेका अन्य कुराहरु प्रचलित आर्थिक ऐन नियम अनुसार हुनेछ ।

११ दरभाउपत्र सम्बन्धमा अन्य कुरा बुझ्नू परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।